# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

## धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवसको उपलक्ष्यमा

## नगर प्रमुखको सन्देश

वन जङ्गलमा पाइने जडीबुटीमा आधारित प्राचिनतम् वैदिक चिकित्सापद्धति आयुर्वेदका प्रवर्तक भगवान धन्वन्तरीको उत्पत्ति भएको सम्झनामा धन्वन्तरी जयन्ती मनाउन लागिएको छ । प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीका दिन मनाइने धन्वन्तरी जयन्ती एवं राष्ट्रिय आरोग्य दिवसका दिनलाई आयुर्वेदका चिकित्सकहरुले सत्सङ्कल्प गरी शुभकार्य प्रारम्भ गर्ने अवसरका रूपमा लिने गर्दछन् । देव र असुर मिली नागको नेती र मन्दराचल पर्वतको मदानी बनाई समुन्द्र मन्थन गर्दा रोगग्रस्त व्यक्तिको रोग निवारणका लागि कार्तिक कृष्ण त्रयोदशीका दिन अमृत कलश लिएर भगवान धन्वन्तरीको उत्पत्ति भएको चर्चा वैदिक सनातन हिन्दू ग्रन्थमा गरिएको छ । हातमा वैदिक हिन्दू दर्शनका चार उपवेद मध्येको आयुर्वेदको पुस्तक र प्रकृतिले दिएको औषधिको प्रतिकका रूपमा जडीबुटी लिएका भगवान धन्वन्तरीलाई आयुर्वेद चिकित्सा क्षेत्रका संस्थापक मानिन्छ ।

स्वस्थ्य आहार विहार तथा पवित्र आचारनै दीर्घायु एवं आरोग्य जीवनको आधार हो भन्ने प्रमाणित भैसकेको छ । कोरोना भाइरसबाट बच्न मानव शरीरमा रोग प्रतिरोधी क्षमता बढाउनसमेत आयुर्वेद चिकित्सा पद्धति प्रभावकारी भएको विश्वासमा आयुर्वेद औषधिको प्रभावकारिताका विषयमा अनुसन्धानसमेत भइरहेका छन् । अहिलेको जस्तो स्वास्थ्य क्षेत्रमा देखिएको संक्रमणकालिन अवस्थामा आयुर्वेद क्षेत्रको महत्व झन् बढेको छ ।

हाम्रो यस दक्षिणकाली नगरपालिकाका वासिन्दामा समेत आयुर्वेद तथा योग प्रति आकर्षण बढेको अनुभूत गरिएको छ । आयुर्वेद तथा योगको माध्यमबाट सम्पूर्ण नगरवासीको आरोग्यता वृद्धि भई समृद्ध पर्यटकीय दक्षिणकाली नगर बनाउने हाम्रो अभियानलाई समेत टेवा पुग्ने देखिन्छ । "स्वस्थ्य पर्यावरण र समुन्नत स्वास्थ्यका लागि आयुर्वेद" भन्ने नाराका साथ २०७९ साल कार्तिक ६ गते आईतवार मनाउन लागिएको धन्वन्तरी जयन्ती तथा आरोग्य दिवसको उपलक्ष्यमा नगरवासीहरुमा सुखायु, हितायु तथा दीर्घायुको शुभकामना व्यक्त गर्दै यस दिवसको पूर्ण सफलताको कामना गर्दछु ।

मोहन बस्नेत<br>
नगर प्रमुख<br>
दक्षिणकाली नगरपालिका